# <u>तेस्रो नगर सभाका निर्णयहरु</u>

## २०७५/०३/१० गते पहिलो अधिवेशनका निर्णयहरु

१. यस कीर्तिपुर नगरपालिका तेस्रो नगर सभाका अध्यक्ष एवं नगर प्रमुख श्री  रमेश महर्जनज्यूले नगर सभा समक्ष यस नगरपालिकाको आगामी आर्थिक वर्ष २०७५/०७६ का लागि प्रस्तुत गर्नु भएको निम्न प्रस्तावहरु उपर बृहत छलफल गरी स्वीकृत गर्ने निर्णय गरियोः-

(क) विधेयक संख्या-१, दफा १७ वटा तथा अनुसूचि ११ वटा भएको **<u>"कीर्तिपुर नगरपालिका आर्थिक विधेयक, २०७५"</u>** ।

(ख) अनुमानित आय मध्ये आन्तरिक श्रोत तर्फ रु. १०,००,००,०००/-(दश करोड मात्र) र बाह्य श्रोत तर्फ रु. ९०,२७,३०,०००/- (रु.नब्बे करोड सत्ताईस लाख तिस हजार मात्र) समेत कुल अनुमानित आय रु. १,००,२७,३०,०००/- (रु. एक अर्व सत्ताईस लाख तिस हजार मात्र) ।

२. आजको तेस्रो नगर सभाको प्रथम अधिवेशनमा नगर सभासद्हरुबाट व्यक्त भावना, राय, सल्लाह, सुझाव, परामर्श समेतलाई मध्यनजर गरी यस नगरपालिकाको आगामी आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम एवं विनियोजन विधेयक, २०७५ लगायत अन्य आवश्यक विषयहरुमा छलफल गरी पारित गर्नका लागि यस सभाको दोस्रो अधिवेशन पुनः २०७५ असार २२ गते शुक्रवार अपरान्ह १  :०० बजे बस्ने गरी आजको अधिवेशन स्थगित गर्ने निर्णय गरियो ।

## २०७५/०३/२२ गते दोस्रो अधिवेशनका निर्णयहरु

१. यस नगरपालिकाको आगामी आ.व २०७५/०७६ का लागि वजेट तथा कार्यक्रम तर्जुमा समितिबाट तयार भै नगरकार्यपालिकाबाट सिफारिस सहित आएको २२ वटा विषयगत क्षेत्र समेटीएको नीति तथा कार्यक्रम पारित गर्ने निर्णय गरियो ।

२. नगर सभाका सभासदज्यूहरूबाट प्राप्त सुझावहरूका लागि धन्यबाद दिदै नगरसभाको अर्को वैठक यही २०७५ साल असार २७ गते बुधबार अपरान्ह ३  :०० बजे पूनःबस्ने गरी आजको वैठक सभा अध्यक्षबाट अन्त भएको घोषणा भयो ।

## २०७५/०३/२७ गते तेस्रो अधिवेशनका निर्णयहरु

यस कीर्तिपुर नगरपालिकाको विभिन्न समितिबाट तयार भै नगरकार्यपलिका मार्फत सिफारिस सहित पेश हुन आएका निम्न प्रस्तावहरु उपर छलफल गरी स्वीकृत गर्ने निर्णय गरीयोः-

१. आ.व २०७५/०७६ का लागि कीर्तिपुर नगरपालिकाको विनियोजन विधेयक २०७५ ।
२. हालसम्म नगरकार्यपालिकाबाट भएका निर्णयहरु अनुमोदन ।
३. हालसम्म अन्तिम भुक्तानी भएका योजना तथा कार्यक्रमहरुको अनुमोदन र फरफारक ।
४. जिन्सी निरिक्षणको प्रतिवेदन अनुमोदन गर्दै सो अनुरुप मिन्हा र लिलाम गर्नु पर्ने सम्पत्तिहरु मिन्हा/लिलाम गर्ने कामकारवाही अगाडी बढाउन नगर प्रमुखलाई अख्तियारी दिने ।
५. नगरपालिकाका कर्मचारीहरुको तलब/भत्ता नेपाल सरकारले तोकेको स्केल र दर बमोजिम हुने र तलबी प्रतिवेदन पारित गर्ने । प्रोत्साहन सुविधाका सम्बन्धमा सेवा प्रवाह सम्बन्धी कार्यविधि बनाई सो को आधारमा कर्मचारीहरुको कार्यसम्पादनको मुल्याङ्कनलाई आधारमानी कार्यसम्पादन प्रोत्साहन प्रणाली अवलम्बन गरी प्रोत्साहन सुविधा उपलब्ध गराउने ।
६. आ.व २०७३/०७४ को महा लेखापरीक्षकको कार्यालयबाट भएको यस नगरपालिकाको आर्थिक लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपर नगरपालिकाले उपलब्ध गराएको प्रत्युतर अनुरुप आवश्यक कारवाही अगाडी बढाउन र स्वीकृत वजेट, योजना तथा कार्यक्रमको परिधिभित्र रही कानुनको प्रकृया पुर्याई बेरुजु नआउने गरी आर्थिक कारोबारको व्यवस्था मिलाउन नगर प्रमुखलाई अधिकार प्रत्यायोजन गर्ने ।
७. नगरकार्यपालिकाको कार्यालय र वडा कार्यालयहरूको सेवाप्रवाह सुदृढिकरण तथा व्यवस्थापनका लागि राखिएका विद्यमान स्वयंसेवकहरुलाई आगामी आ.व.२०७५/०७६मा समेत निरन्तरता दिने र आवश्यकता अनुसार अन्य थप स्वयंसेवकहरु समेत MDVS कार्यक्रम अन्तर्गत रहने गरी जीवन निर्वाह भत्ता बापत प्रति स्वयंसेवक मासिक रू.१३,५००।—(रू.तेह्र हजार पाँच सय मात्र) उपलब्ध गराउने गरी छनोट र कार्यान्वयन गर्ने अधिकार नगर प्रमुखलाई प्रत्यायोजन गर्ने ।
८. नगर प्रमुख, नगर उप-प्रमुख र प्रमुख प्रशासकीय अधिकृतका सवारी चालकहरुलाई आ.व.२०७४/०७५ मा उपलब्ध गराए सरहको दैनिक रु.२०० का दरले खाजा खर्च वापत मासिक ३० दिनको रु.६०००।- (छ हजार मात्र) आगामी आ.व. २०७५/०७६ मा समेत उपलब्ध गराउने ।

९. यस नगरपालिकामा रहेका हालसम्म पनि घर निर्माण गर्न नसकेका भूकम्प पीडितहरुले घर निर्माणका लागि आवेदन दिएमा घर नक्सा पास गर्दा लाग्ने दस्तुरमा आगामी आ.व. २०७५/०७६ मा समेत ९०% छुट दिने ।

१०. श्री संघीय मामिला तथा सामान्य प्रशासन मंत्रालयको परिपत्र अनुसार महालेखा परीक्षकको कार्यालयको सहमतिमा अर्थ मन्त्रालयबाट तयार भएको स्थानीय सञ्चितकोष व्यवस्थापन प्रणाली " SuTRA" मा आधारित कम्प्युटराइज्ड व्यय लेखा प्रणाली आगामी आ.व.२०७५/०७६ देखि कार्यान्वयनमा ल्याउने ।

११. यस नगरक्षेत्रमा नयाँ खोलिने ट्र्याक मोटर बाटो तथा विद्यमान कच्ची मोटर बाटोहरुमा गुणस्तरीयता तथा मितव्ययिता कायम गरी प्रभावकारी ढंगले नगरपालिका आफैले ग्राभेलिङ्ग तथा रिटेनिङ्ग वाल, ग्याविन वाल लगाउने कार्यका लागि यस नगरपालिकाको वडा नं.४ स्थित चम्पादेवी डाडाँको फेदीबाट ढुंगा तथा ग्राभेल झिकी कार्यान्वयन गर्ने ।

१२. TSNGP कार्यक्रम अन्तर्गत विगत देखि यस नगरकार्यपालिका कार्यालयमा कार्यरत सुचना प्रविधि अधिकृतलाई आगामी आ.व.२०७५/०७६मा यस नगरकार्यपालिका कार्यालयले व्यहोर्नु पर्ने २५% रकम व्यहोरिने ।

१३. कीर्तिपुर अस्पताल अन्तर्गतको प्रस्तावित पुष्पलाल शिक्षण अस्पताल भवनको निर्माण सम्पन्न प्रमाण पत्रको लागि नियमित गर्ने प्रयोजनार्थ निर्धारित जरिवाना रकम रू.२७,०४,२००। — आर्थिक ऐन,२०७५ को दफा १६ को प्रतिबन्धात्मक वाक्यांस बमोजिम नगरपालिकाले, नगरपालिकासँग प्रत्यक्ष सम्बन्ध भएका गैर नाफामूलक सेवा प्रदायक संगठित संस्थाहरूलाई नगर सभाको निर्णयानुसार कर छुट दिन सकिनेछ भन्ने उल्लेख भए बमोजिम उक्त संस्था गैर नाफा मुलक सेवा प्रदायक संस्था भएको हुदाँ, उल्लेखित जरिवाना छुट र नक्सा नियमित गरी भवन निर्माण सम्पन्न प्रमाण पत्र उपलब्ध गराउनका लागि नगरकार्यपालिकालाई आदेश दिने ।

१४. वडा नं. १० (साविक वडा नं. ३) स्थित जग्गामा निर्माणाधिन नगर कार्यपालिका कार्यालय भवन (बहुवर्षिय योजनाको भुक्तानी) र मित्रराष्ट्र भारतीय राजदुतावासको आर्थिक सहयोगमा निर्मित नेपाल भाषा मैत्री महिला (कन्या) छात्रावास भवनको अन्तिम बिल भुक्तानी लगायत सम्झौता भै क्रमागत रुपमा रहेका अन्य योजनाहरुको चालु आ.व. २०७४/०७५ को वैक मौज्दातबाट उपलब्ध गराउने र भुक्तानी पश्चात रकम बाँकी रहन गएमा आवश्यकता र

प्राथमिकताका आधारमा छनौट भएका योजना/कार्यक्रमहरु कार्यान्वयन गर्ने अधिकार नगर प्रमुखलाई प्रत्यायोजन गरियो।

१५. चा.लु. आ.व. २०७४/०७५ को हालसम्मको आम्दानी तथा खर्चको अनुमोदन गरियो ।

१६. यस तेस्रो नगर सभालाई सफल रूपमा सम्पन्न गर्नका लागि प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग गर्नु हुने सम्पुर्ण नगरसभा सदस्यहरू, नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश नं.३ सरकार लगायत अन्य सम्बन्धित निकाय र सरोकारवाला पक्षहरू एवं राजनितिक दलहरू, बुद्धिजिवी, व्यवसायी, पेशाकर्मी, संचार जगत, कर्मचारी तथा सम्पूर्ण नगरवासीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्ने ।